बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# धर्म-गुरूले येषूलाई भेटे्

लेखन: Edward Hughes

चित्र: Byron Unger; Lazarus

संयोजन: M. Maillot; Sarah S.

Alastair Paterson

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2020 Bible for Children, Inc.

अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

जब येषू मन्दिरमा गए तब उहाँले मानिसहरूलाई परमेष्वरको घरलाई अनादर गरिरहेका देखे। तिनीहरूले पषुहरू अनि पैसा-रूपियाँ साटा-साट गरिरहेका थिए।



डोरीबाट कोर्रा बनाएर उहाँले सबैलाई मन्दिरबाट लघार्नुभयो। “ती समानहरूलाई लिएर गइहाल, मेरा पिताको घर व्यापारको घर नतुल्याओ” भनी उहाँले आज्ञा गर्नुभयो। येषूले पिताको घरलाई प्रेम गर्नुहुन्छ।





अगुवाहरूले
येषूलाई मन्दिरको
षुद्ध विशय लिएर
प्रष्न गर्नुभयो।
“यस मन्दिरलाई
भत्काइदेऊ, र म
त्यो तीन दिनमा
खड़ा गर्नेछु” भनी
येषूले उतर दिनुभयो।
असम्भव! यो मन्दिर
बन्न छियालीस
वर्श लाग्यो।


तर येषूले ता आफ्ना षरीरको मन्दिरको
विशयमा भन्नुभएको थियो। मन्दिरझैं उहाँको
षरीर परमेष्वरको बस्ने स्थान
हो। यद्यपि येषू क्रूसमा
मर्नुपर्थ्यो अनि उहाँलाई
थाह थियो कि परमेष्वरले
उहाँलाई तेस्रो दिनमा
मरेकाहरूबाट
बौरी
उठाउनुहुन्छ।

रातमा मन्दिरका
धर्म-गुरूहरू येषूलाई भेट् गर्न आए। तिनलाई
थाह थियो कि
आष्चर्यकर्मद्वारा
येषूलाई परमेष्वरले
पठाउनुभएको
हो। निकोदेमस
येषूकहाँ परमेष्वरको
विशयमा धैरै कुरा
बुझ्न आए।





येषूले निकोदेमसलाई भन्नुभयो, परमेष्वरको राज्यमा पस्नको लागि मानिस फेरि जन्मन पर्छ। निकोदेमसले बुझ्न सकेन्। कसरी बड़ेको मानिस फेरि बालक बन्न सक्छ? तिनी एक यहूदीहरूका षासक थिए। के त्यो काफी थिएन्?



"औ आत्माबाट जन्मेको
आत्मा हो, परमेष्वरको
आत्मा चाहिँ बतास
झैं हो। मानिसहरूले
व्र अथवा बुझ्न सक्तैनन्
तर
बतासलाई
तिनीहरूले गरेका
कार्यहरू मात्र
देख्छन्" भनी
येषूले भन्नुभयो।



मोषालाई इस्राएलीका
नानीहरूले धेरै वर्श अघि गुनासो गरे भनी
उहाँले निकोदेमसलाई सम्झना गराए। “हाम्रोमा
खाना, पानी छैन अनि परमेष्वरले दिएको
रोटी हामी घृणा गर्छौं” भनी तिनीहरूले भने।

मानिसहरूको पापले
परमप्रभुलाई रीस उठाए। उहाँले
आगोझैं साँपहरूलाई तिनीहरूकहाँ पठाए।
साँपहरूले मानिसहरूलाई डसे अनि धेरैजना मरे।



“हामीले पाप गÚयौ अनि परमप्रभु यो साँपहरू हामीहरूबाट हटाइदिनुहोस्” भनी मानिसले परमप्रभुलाई बिन्ती चढ़ाए। यसैले मोषाले तिनीहरूको लागि प्रार्थना गरे तर परमप्रभुले साँपहरूलाई



तिनीहरूदेखि हटाएनन्।



परमप्रभुले मोषालाई भन्नुभयो
कि ती आगोझैं साँपहरूलाई एउटा
खाँबोमा राख। “जसलाई पनि
साँपले डसेको छ जब तिनीहरूले
ती साँपलाई खाँबोमा देख्नेछन्
तब तिनीहरू जिउनेछ” भनी
परमप्र्रभुले प्रतिज्ञा गर्नुभयो।



मोषाले एउटा पितलको
साँप बनाए अनि जसले
तिनलाई हेर्छ तिनीहरू
निको हुनेछ।


पित्तल को
साँपझैं मानिसको पुत्र
माथि उठाइनुपर्नेछ
भनी येषूले
निकोदेमसलाई
भन्नुभयो।


येषूले क्रूसको विशयमा
भनिरहनुभएको
थियो जहाँ उहाँ
मानिसहरूको
पापको लागि
मर्नपर्थ्यो।


येषूले
भन्नुभयो, “किनभने परमेष्वरले
संसारलाई
यस्तो प्रेम गर्नुभयो,
उहाँले आफ्ना
एकमात्र पुत्रलाई
दिनुभयो, ...


... उहाँमाथि विष्वास
गर्ने प्रत्येक नाष
नहोस्, तर त्यसले
अनन्त जीवन
पाओस्।”


यसको अर्थ जसले येषू
परमेष्वरको परिवारमा
जन्मेको हो भनी
विष्वास
गर्छ।

हुनसक्छ, निकोदेमस त्यस रात येषूको चेला भएनन्। तर केही वर्शपछि, निकोदेमसले परमेष्वरको पुत्रलाई गाड़नको लागि सहायता गरेर उनको प्रेम अनि विष्वासलाई देखाए।




यसपछि, येषू अनि उहाँका चेलाहरू उत्तरपट्टि जाने निर्णय गरे। अरू मानिसहरूले परमेष्वरको राज्यको विशयमा सुन्न चाहन्थे अनि परमेष्वरको पुत्र नासरतको येषूमा विष्वास गर्ने मौका चाहन्थे।
सामरिया

# धर्म-गुरूले येषूलाई भेटे्

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

यूहन्ना 2-3, गन्ती 21

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”

भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर ।
यूहन्ना ३:१६